आज मिति २०८० साल वैशाख १३ गते तदनुसार ( April 26, 2023) बुधबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

आमन्त्रित उपस्थिति: हस्ताक्षर

१.श्री गायत्री प्रसाद दाहाल ६ नं. वडा कार्यवाहक वडाध्यक्ष

२. श्री टेक प्रसाद बास्तोला, ८ नं. वडा कार्यवाहक वडाध्यक्ष

३.श्री ऋद्धिरमण घिमिरे, रोजगार संयोजक

४.श्री विपिन कार्की, सूचना प्रविधि अधिकृत

५.श्री पुण्य प्रसाद कटवाल, कार्यालय सहयोगी

२०८०/१/१३

२०८० वैशाख १३ गते तदनुसार April 26, 2023 बुधबारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. शिक्षा शाखाबाट भएको कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा ।
२. बेरोजगार व्यक्तिको सूचीकरण सम्बन्धमा ।
३. कृषि सेवा शाखा अन्तरगतका कार्यक्रमहरु सम्बन्धमा ।
४. प्रदेश समपुरक अनुदानबाट सञ्चालन हुने योजना प्रस्ताव गर्ने सम्बन्धमा ।
५. श्री भगवती मा.वि./ हर्कपुर मा.वि.लाई अङ्ग्रेजी माध्यमबाट अध्यापन अनुमति दिने सम्बन्धमा ।
६. लिलाम बिक्री अनुमति दिने सम्बन्धमा ।
७. स्थानीय कृषि उपज बजारीकरणको लागि कार्यविधि निर्माण सम्बन्धमा ।
८. CAIRN UK सँग मन्टेश्वरी तालिमको लागि साझेदारी गर्ने सम्बन्धमा ।
९. राष्ट्रिय वाणिज्य बैंकसँग सहुलियतपूर्ण कर्जा सम्बन्धी सहकार्यको लागि सम्झौता अख्तियारी सम्बन्धमा ।
१०. अध्यक्ष कप सम्बन्धमा ।

२०८०/१/१३

CamScanner

## २०८० साल बैशाख १३ गते बुधबारको बैठकका निर्णयहरु:

निर्णय नं.१: यस गाउँपालिकाभरिका कक्षा ८ को परीक्षा सञ्चालन, प्रश्नपत्र छपाइ, लेजर छपाइ तथा हस्तान्तरण, परीक्षा कपि हस्तान्तरण, ग्रेडसिट छपाइ गर्नको लागि नेपाल सरकारको सशर्त स्रोत शीर्षकबाट संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कनबाट रु.१,०८,०००/- अक्षरुपी एकलाख आठ हजार र पालिकाको आन्तरिक स्रोत शीर्षक वार्षिक परीक्षा सुदृढीकरणबाट रु.५६,३६८/- अक्षरुपी छपन्न हजार तीनसय अठ्सट्ठी गरी जम्मा रु.१६४३६८/- अक्षरुपी एकलाख चौसट्ठी हजार तीनसय अठ्सट्ठी मात्र यस कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

त्यस्तै, १ महिने आधारभूत संगीत कक्षा सञ्चालन गर्दाभएको सम्पूर्ण खर्च जम्मा रु.३,६५,८३०/- अक्षरुपी तीन लाख पैसट्ठी हजार आठसंय तीस मात्र शैक्षिक अतिरिक्त क्रियाकलाप प्रशिक्षण कार्यक्रमबाट (पालिका आन्तरिक स्रोत) बाट खर्च भएको हुँदा आजको कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२ आ.व.२०८०/८१ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन आफ्नो स्थायी बसोबास भएको सम्वन्धित वडा कार्यालयमा आवेदन दिएका व्यक्तिहरुमध्ये वडा कार्यालयको सिफारिस सहित प्राप्त सक्कल आवेदनमध्ये **बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन,२०७६** बमोजिम वेरोजगार ठहर हुन आवश्यक मापदण्ड पूरा गरी स्थानीय निर्देशक समितिको बैठकको निर्णयानुसार सिफारिस भइ आएका ६७५ जना व्यक्तिहरुलाई वेरोजगार व्यक्तिको सूचीमा सूचिकृत गर्ने निर्णय गरियो ।साथै, सूचीकृत कुनै व्यक्तिको सम्वन्धमा वेरोजगार ठहर हुन आवश्यक मापदण्ड विपरित पाइएमा सम्वन्धित वडाध्यक्षसँगको परामर्शमा रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणालीबाट निज व्यक्तिलाई निष्क्रिय बनाउन सक्ने निर्णय गरियो ।

स्थानीय रोजगार रणनीतिक योजना निर्माण गर्नको लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।तपसिल:

संयोजक: श्री रामकुमार राई

सदस्य: श्री जितेन्द्र राई

सदस्य: श्री पूर्णवहादुर मगर

सदस्य: श्री गायत्री प्रसाद दाहाल

सदस्य: श्री वालकुमारी पुलामी

सदस्य: श्री गोमा कुमारी वि.क.

सदस्य-सचिव: श्री ऋद्धिरमण घिमिरे, रोजगार संयोजक

CamScanner

**निर्णय नं.३.** यस गाउँपालिकाको कृषि सेवा शाखा अन्तरगत विभिन्न कार्यक्रमहरुको सम्वन्धमा तपसिल अनुसार निर्णय गरियो :

**तपसिल:**

क. आ.व.२०७९/८० को संघीय सरकारबाट हस्तान्तरित राष्ट्रिय खाद्य सुरक्षा मिसन, मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तरगत सूचना प्रकाशन गरि माग भएको मकैको बीउ कृषक समूह/फर्म/सहकारीलाई वितरण गरिएको र माग भए अनुसारको औजार उपकरणहरु ठेक्का लगाइ खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

ख. आ.व.२०७९/८० को संघीय सरकारबाट हस्तान्तरित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत तरकारी पकेट विकास कार्यक्रमको निरन्तरता मानेभन्ज्याङ गाउँपालिका वडा नं. ५ स्थित ब्ल्याङ्गा दिगो कृषि IPM सञ्जाल कृषक समूहलाई दिने निर्णय गरियो ।

ग. आ.व.२०७९/८० को संघीय सरकारबाट हस्तान्तरित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत तरकारी पकेट विकास कार्यक्रम सञ्चालन मानेभन्ज्याङ गाउँपालिका वडा नं. ५ को हाम्रो कृषि वहुउद्देश्यीय सहकारी संस्थालाई दिने निर्णय गरियो ।सो संस्थाले कार्य गर्ने पकेट क्षेत्र उदयपुर र धिमिलेलाई तोक्ने निर्णय गरियो ।

घ. आ.व.२०७९/८० को वार्षिक स्वीकृत बाली संरक्षण तथा कृषि पशु बिमा कार्यक्रम अन्तरगत मकैको फौजी किरा नियन्त्रण गर्नका लागि विषादी खरिद गर्ने निर्णय गरियो ।

ङ. आ.व.२०७९/८० को वार्षिक स्वीकृत बजेट बृहत फलफुल नर्सरी केन्द्र शीर्षकमा विनियोजन भएको रु.६०००००/- अक्षरुपी छ लाख तथा फुल खेती नर्सरी केन्द्र स्थापना शीर्षकमा रु.५०००००/- अक्षरुपी पाँच लाख वजेटबाट यस गाउँपालिकाको वडा नं. ५ को श्री भगवती माध्यमिक विद्यालय अगाडीको नेपाली सेनाको खाली जग्गामा निर्माण भएको टनेलमा नर्सरी स्थापना गर्नको लागि ईच्छुक कृषि सहकारी, कृषक समूह, कृषी फर्महरुलाई प्रस्तावना पत्र पेश गर्नको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४.** आ.व.२०८०/८१ का लागि समपुरक अनुदानबाट सञ्चालन हुने आयोजना/ कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशबाट परिपत्र भइ आएको हुँदा यस गाउँपालिकाको गत आ.व.वाट सञ्चालन भैरहेको तपसिल योजनाहरुलाई निरन्तरता दिने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

क. पंखुखोला मोली खानेपानी लिफ्टिङ योजना
ख. दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी योजना

**निर्णय नं.५:** यस गाउँपालिकाको वडा नं. ५ को श्री भगवती मा.वि. लाई यो शैक्षिक सत्रबाट प्ले ग्रुपदेखी कक्षा ५ सम्म र कक्षा ६ मा अङ्ग्रेजी माध्यमबाट पठन पाठन गर्न गराउन अभिभावकको सहमति रहेको निर्णय प्रति

CamScanner

समेत पेश भएको हुँदा शैक्षिक र भौतिक निर्माणमा सहयोग हुनेगरी तपसिल अनुसारको सहयोग निर्धारण भइ आएको हुँदा अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

प्लेग्रुप वार्षिक रु. ५०००/-

बालकक्षा वार्षिक रु. ६०००/-

कक्षा १ मा वार्षिक रु.७०००/-

कक्षा २ मा वार्षिक रु. ८०००/-

कक्षा ६ मा वार्षिक रु.१२०००/-

साथै, श्री हर्कपुर मा.वि. हर्कपुरलाई समेत अङ्ग्रेजी माध्यमबाट पठन पाठन गर्न गारउनको लागि बालकक्षादेखी कक्षा ३ सम्म अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.६: यस गाउँपालिकाको वडा नं. १ को श्री दिपज्योति आधारभूत विद्यालयको पुरानो जस्ता र काठ विद्यालयलाई काम नालाग्ने भएकोले विद्यालयबाट लिलाम बिक्रीको लागि अनुमति माग भइ आएको हुँदा नियमानुसार लिलाम बिक्री गर्न आजको कर्यपालिका बैठकबाट अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.७: आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम स्थानीय कृषि उपज बजारीकरण शीर्षकमा रु.७०००००/- अक्षरुपी सात लाख रहेको हुँदा कार्यविधि निर्माणको लागि संयोजक श्री रामकुमार राई, सदस्य श्री विष्णु प्रसाद गौतम, श्री पूर्ण वहादुर मगर, सदस्य श्री गोमा बिक र सदस्य सचिव श्री ऋद्धिरमण घिमिरे गरी ५ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो । साथै समितिले आगामी वैठकमा कार्यविधि पेश गर्ने र कार्यपालिका वैठकवाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.८: CAIRN UK सँग यस गाउँपालिकाको आ.व.२०७९/८० मा विनियोजन भएको बजेट शीर्षक नमुना विद्यालय तथा मन्टेश्वरी शिक्षण कार्यक्रम बाट रु.१२०००००/- अक्षरुपी बाह्र लाख रुपैयाँ मन्टेश्वरी तालिमको लागि साझेदारी गरी कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं.९: कृषि क्षेत्रको व्यवसायिकता मार्फत आत्मनिर्भर पालिका निर्माणका लागि राष्ट्रिय वाणिज्य बैंक लिमिटेड वीच सहुलियतपूर्ण कर्जा सम्वन्धी सहकार्य गर्नको लागि सम्झौता गर्नको लागि यस गाउँपालिकाका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली, उपाध्यक्ष श्री आश्राचन राई, प्रमुख प्रशासकीय अधिकृत श्री छविलाल राईलाई अख्तियारी दिने निर्णय गरियो ।

CamScanner

निर्णय नं.१०: मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष कप सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गरी कार्यविधिले तोकेबमोजिम कार्य गर्ने निर्णय गरियो । कार्यविधि निर्माणको लागि वडाध्यक्ष श्री रामकुमार राईको संयोजकत्वमा वडाध्यक्ष श्री भीम बहादुर वलम्पाखी मगर सदस्य र वडाध्यक्ष श्री राजकुमार रुम्दाली सदस्य रहने गरी तीन सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।